मिति: २०८०/०६/२६ , बैठक संख्या - ०५

आज मिति २०८०/०६/२६ गते बिहिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को पाँचौ गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ........................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ........................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ........................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ........................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ........................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ........................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ........................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ........................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ........................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ........................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ........................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ........................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा........................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................................

१७. आमन्त्रित प्रशासकीय अधिकृत श्री प्रकाश अधिकारी ........................................

१८. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी........................................

मिति: २०८०/०६/२६ , बैठक संख्या - ०५

प्रस्तावहरु:-

१. हिलिहाङ दरबार भेरिएशन स्विकृति सम्बन्धमा ।

२. हिलिहाङ गा.पा. ५ मालबासेको पहिरो नियन्त्रण सम्बन्धमा ।

३. रोजगार सेवा केन्द्र हिलिहाङमा दर्ता भएका बेरोजगार व्यक्तिहरुको सूची प्रकाशन सम्बन्धमा ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको योजना छनौट सम्बन्धमा ।

५. दशैको शुभकामना आदनप्रदान सम्बन्धमा ।

६. विविध ।

क. पाँच शैया अस्पताल सम्बन्धि छानविन समिति सम्बन्धमा ।

ख. जग्गा प्राप्ति सम्बन्धमा ।

ग. चाडपर्वको अवसर पारेर गरिने पटकालगायतका विष्फोटक पदार्थको प्रयोग सम्बन्धमा ।

घ. काबेली सतिघाट व्यवस्थापन सम्बन्धमा ।

मिति: २०८०/०६/२६ , बैठक संख्या - ०५

**निर्णय नं. १**

यस हिलिहाङ गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ मा खोलिएको ठेक्का नं. HRM/NCB/1S2E/WORKS/NOTICE/01/077/078 अनुसारको निर्माण कार्य खरिदका लागि सम्झौता गरिएको निर्माण कम्पनी श्री भगवती बौद्ध जे.भि.ले दिएको निवेदन,मिति २०८०।०६।११ गतेको कार्यपालिकाको निर्णय तथा ईन्जिनियर श्री हिमाल पुरीले पेश गरेको स्थलगत प्रतिवेदन (भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण) समेतको आधारमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपनियम २(क) बमोजिम सो भेरिएशन आदेश स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**भेरिएशन आदेश जारी गर्नुपर्नाका कारण:** निर्माणाधिन दरबारको सेफ्टी ट्याङ्की र प्यागोडा संरचना लागत अनुमानमा छुटेको, RETAINING WALL को काम निर्माण स्थल परिवर्तन भएकोले परिमाण बढ्न गएको साथै दरबार जस्तो ऐतिहासिक ठाउँमा डि.पी. आर निर्माणको क्रममा झ्यालमा आल्मुनियम प्रयोग गरिएकोले त्यसको ठाउँमा काठको आँखी झ्याल आवश्यक देखिएको साथै पानीले भिज्ने ठाउँमा लोकल कडा काठ प्रयोग गरिएको र सो ठाउँ पानीले भिजी छिट्टै नष्ट हुने देखिएकोले उक्त ठाउँमा क्ले रुफ टायल प्रयोग गर्न मनासिव देखिएकोले ठेक्का सम्झौता रकमको १२.०८ प्रतिशत भेरिएशन आदेश जारी गर्नुपर्ने देखिन्छ।

**निर्णय नं २**

मिति २०८०।०६।११ गते बसेको यस हिलिहाङ गाउँपालिका कार्यपालिकाको बैठकको निर्णय नं ९.च. बमोजिम गरिएको हिलिहाङ गा.पा. ५ स्थित मालबासे पहिरोको स्थलगत अनुगमनका क्रममा उक्त पहिरोको कारण भविष्यमा धनजनको ठुलो जोखिम हुनसक्ने देखिएकोले उक्त पहिरो नियन्त्रणका लागि प्राविधिकले तयार गरेको लागत अनुमान अनुसारको रु १,४७,८३३।८४ को कुलो निर्माण कार्यका लागि विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो। साथै उक्त पहिरो नियन्त्रणका सम्बन्धमा प्रदेश तथा संघका सम्बन्धित कार्यालयहरुमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

यस हिलिहाङ गाउँपालिका भित्र रहि २०७९ फागुन महिना भित्र यस पालिकाको रोजगार सेवा केन्द्रमा नाम दर्ताका लागि निवेदन पेश गरेका ९१८ जना बेरोजगारहरुको सुचि प्रकाशन गर्ने निर्णय गरियो।

मिति: २०८०/०६/२६ , बैठक संख्या - ०५

**निर्णय नं ४**

प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रुपान्तरण पहल आयोजना अन्तर्गत हिलिहाङ गाउँपालिका भरी आ.ब. २०८०/०८१ को लागि सञ्चालन हुने कामका लागि पारिश्रमिक, आयोजनाहरु र श्रमिकहरु तपशिल बमोजिम छनोट गरि कार्यान्वयन गराउने निर्णय पारित गरियो ।

| क्र.स. | आयोजनाको नाम | वडा नं. | श्रमिक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अमरपुर जाने बाटो भालुचोक छिरुवा खोल्सा नाली निर्माण | १ | | |
| २ | अमले पाङग्रे खोल्सा र सिटे च्यान गोरेटोबाटो मर्मत | १ | १३ | |
| ३ | चाराली त्रिवेणी मो.बा. स्तरबृद्धि | २ | | |
| ४ | भदौरे सिरुपा सतिघाट गोरेटोबाटो सिडि निर्माण | २ | १४ | |
| ५ | भाविचोक पयेक्पा खानी खोला जाने बाटो मर्मत | ३ | | |
| ६ | देउराली साम्रे डाँडे मोटरबाटो मर्मत | ३ | १३ | |
| ७ | पिनासी, मझैटार हुदै मध्यपहाडी जोड्ने गोरेटोबाटो मर्मत सम्भार | ४ | | |
| ८ | डुंडे खोला, तामेधारा हुँदै हाङ्गेपुङ जाने गोरेटोबाटो मर्मत सम्भार | ४ | १३ | |
| ९ | बर्खे चिहानडाँडा निलगिरी गोरेटोबाटो मर्मत | ५ | | |
| १० | जामुने टुनिधारा खयरबोटे कोरिडोर मोटरबाटो सोलिङ तथा नाली निर्माण | ५ | १४ | |
| ११ | सल्लेरी गणेश फत्रकको घरदेखि शिद्धकाली मा.बि. हुँदै जोरपोखरी सम्म जाने गोरेटोबाटो निर्माण । | ६ | | |
| १२ | सालघारी नर बहादुर लावतीको घरचौतारा देखि केराबारी हुँदै संसारीडाँडा माङहिम सम्म गोरेटोबाटो निर्माण । | ६ | १४ | |
| १३ | चियागैरी, चियाडाँडा, मानेडाँडा गोरेटो बाटो सिढि निर्माण | ७ | | |
| १४ | आपँटार, डबलीटार, तम्फुवा अग्नीरेखा निर्माण | ७ | १५ | |

मिति: २०८०/०६/२६ , बैठक संख्या - ०५

**निर्णय नं – ५**

नेपालीहरुको महान चाड विजय दशमी, शुभ दिपावली तथा छठ पर्व, उधौली पर्वको अवसरमा सम्पुर्ण नेपालीहरुको सुख शान्ती समृद्धिको कामना गर्दै शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं-६**

**विविध**

क. यस हिलिहाङ गाउँपालिकाको आ.व.०७८/०७९ को स्विकृत बजेट अनुसार मिति २०७८।११।२७ मा रु १२,०४,२८,९६०।– मा सम्झौता गरिएको ठेक्का नं. HRM/NCB/WORKS/notice04/078/079 को पाँच शैया अस्पताल निर्माण कार्य अगाडी बढि रहेको सन्दर्भमा महालेखा परिक्षक डोरको २०७९ को प्रतिवेदनको दफा ४३(१) मा उक्त ठेक्काको ठेक्का शर्तहरु परिवर्तन गरिएको र सोको प्राविधिक तथा कानुनी पुष्टाँई साथै प्राविधिक मुल्याङ्कनको छानविन गरि निर्क्योल गर्न भनि लेखिएबमोजिम उक्त ठेक्का प्रक्रियाको सम्बन्धमा आवश्यक छानविनका लागि यस गाउँपालिकाका अध्यक्ष श्री समर बहादुर अधिकारी ज्यूको संयोजकतत्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरि 'पाँच शैया अस्पताल ठेक्का प्रक्रिया छानविन समिति' गठन गरि यस कार्यपालिकामा प्रतिवेदन पेश गर्ने गरि निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

संयोजक:- श्री समर बहादुर अधिकारी (हिलिहाङ गाउँपालिका अध्यक्ष)

सदस्य:- श्री बिरेन्द्र कुमार योङहाङ (वडाध्यक्ष वडा नं ३)

सदस्य:- श्री भिम प्रसाद हेम्ब्या (वडाध्यक्ष वडा नं २)

सदस्य:- श्री सन्तोष लिङदेन (वडाध्यक्ष वडा नं १)

सदस्य:- श्री बिरेन्द्र मग्राती (का.पा.सदस्य)

सदस्य-सचिव:- श्री प्रकाश अधिकारी (प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख)

यस समितिमा प्राविधिक सहायताका लागि संघ तथा प्रदेशका सम्बन्धित कार्यालयहरुमा अनुरोध गरि पठाउने ।

मिति: २०८०/०६/२६ , बैठक संख्या - ०५

ख. हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको आ.व.०७९/०८० मिति २०८०।०२।२१ गतेको अठारौं बैठकको निर्णय नं. ३ लाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो। हिलिहाङ गाउँपालिका वडा नं १ स्थित वडास्तरीय खेल मैदान निर्माणका लागि तपशिलको स्थान, कित्ता र जग्गा धनिहरुले स्वेच्छिक रुपमा निशुल्क जग्गा दान गर्ने मञ्जुरी नामासहित निवेदन पेश गर्नु भएकोले उक्त जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगि बढाउने।

<u>तपसिलमा जग्गाको विवरण</u>

| सि. नं. | जग्गा धनीको नाम | जिल्ला/साविक गा.वि.स. | कित्ता नं. | जग्गाको जम्मा क्षेत्रफल | प्राप्त हुने क्षेत्रफल /तर्फ | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पुर्ण बहादुर तामाङ | पाँचथर /दोरुम्बा ४/ग हाल हिलिहाङ गा.पा.- १ | ३८ | रो. ४-५-२-३ | रो. ४-५-२-३ / पुरै | सम्पुर्ण जग्गा रो. १५-८-०-१ हिलिहाङ गाँउपालिका १ नं. वडा कार्यालयको नाममा प्राप्त हुने। |
| २ | फुल माया तामाङ | पाँचथर /दोरुम्बा ४/ग हाल हिलिहाङ गा.पा.- १ | ३६ | रो. २-३-२-३ | रो. २-३-२-३ / पुरै | |
| | | | ३७ | रो. २-१-०-३ | रो. २-१-०-३ / पुरै | |
| ३. | केदार वाग्ले | पाँचथर /दोरुम्बा ६/ङ हाल हिलिहाङ गा.पा.- १ | १५८ | रो. २-७-२-० | रो. २-७-२-० / पुरै | |
| | | | १५९ | रो. २-६-०-० | रो. २-६-०-० / पुरै | |
| | | | १६० | रो. २-०-०-० | रो. २-०-०-० / पुरै | |
| जम्मा | | | | | रो. १५-८-०-१ | |

ग. नजिकिदै गरेको विजया दशमी, दिपावली, उधौली पर्वलगायतको अवसर पारेर हुने गरेको पटकालगायतको प्रयोग तथा किनबेचलाई पुर्णरुपमा बन्देज लगाउन प्रहरी प्रशासनलाई सहयोग गर्नुका साथै विभिन्न सञ्चार माध्यमबाट सचेतनामुलक सुचनाहरु सम्प्रेषण गर्ने निर्णय गरियो।

घ. हिलिहाङ गाउँपालिका वडा नं २ स्थित काबेली सतिघाट व्यवस्थापन, संरक्षण तथा मर्मत कार्यका लागि रु ४०,०००।– आकस्मिक कोषबाट खर्च हुने गरि कार्यान्वयन गर्ने निर्णय गरियो।